# तानसेन नगरपालिकाका प्रमुख अशोककुमार शाहीद्वारा प्रथम नगरसभामा प्रस्तुत
# तानसेन नगर सरकारको
# आ.व २०७४/०७५ को वार्षिक नीति तथा कार्यक्रम

आदरणीय प्रमुख अतिथिज्यू
व्यवस्थापिका सांसदका सांसद ज्यूहरु, जिल्ला समन्वय समितिका प्रमुख ज्यू, प्रमुख जिल्ला अधिकारी लगायत अतिथिगण, सहभागी नगरसभाका सभासद् ज्युहरु, उपस्थित महानुभावहरु

निरंकुश जहानियाँ राणातन्त्र र राजतन्त्रद्वारा लादिएको निर्दलीय पञ्चायती शासन र स्वयम् राजतन्त्रकै विरुद्ध सात दशकसम्म सञ्चालित महान नेपाली जनताको गौरवपूर्ण आन्दोलनको परिणाम स्वरुप हाम्रो देश २०६५ साल जेठ १५ गतेदेखि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक पद्धतिमा प्रवेश गरेको हो । यसक्रममा लामो समयको वादविवाद र सम्वाद पश्चात् जननिर्वाचित नेपालको संविधानसभाका ९०% भन्दा बढी  सभासदहरुद्वारा हस्ताक्षर गरी नेपालको नयाँ संविधान २०७२ असोज ३ गते जारी हुनु आफैमा लोकतान्त्रिक पद्धतिको एउटा गौरवपूर्ण उपलब्धि हो । आफ्नो संविधान आफैले निर्माण गरी आफ्नो भाग्य र भविष्य आफैले निर्माण गर्नुपर्छ भन्ने मान्यता बोकेर आफ्नो अमूल्य जीवनको बलिदान गर्ने सम्पूर्ण सहीदहरुप्रति हार्दिकश्रद्धान्जली अर्पणगर्दछु ।तानसेनलाई समृद्ध, सभ्य, सुन्दर र शान्त समाज निर्माणमा अघि बढ्नहाम्रो दृढतापूर्वक प्रतिवद्धता सहित यस नगरपालिकाको नीति तथा कार्यक्रम यस ऐतिहासिक प्रथम नगर सभा समक्ष पेश गर्न पाउँदा गौरवको महशुस गरेको छु ।

तानसेन नगरपालिकाको प्रथम व्यवस्थापिका सभाकक्षमा उपस्थित प्रमुख अतिथि, अतिथिगण तथा सहभागी नगरसभाका सभासदज्युहरुलाई हार्दिक स्वागत सहित अभिवादन गर्दछु । लोकतन्त्र भनेकै सुखी र खुशी नेपाली र समृद्ध नेपाल निर्माण गर्ने जीवन पद्धति हो । यही उद्देश्य प्राप्तिका लागि हाम्रो संविधानले एकात्मक र केन्द्रीकृत शासन सत्ताको सट्टा समावेशितासहितको संघीय प्रणालीलाई आत्मसात् गरेर घर घरसम्म पुऱ्याउने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहको अन्तरसम्बन्ध सहितको आ-आफ्नो तहको अधिकार र कर्त्तव्यहरुको निर्धारण गरेको छ । संविधानले स्थानीय तहमा गाउँपालिका सरकार, नगरपालिका सरकारको व्यवस्था गरेअनुरुप स्थानीय सरकारमा व्यवस्थापिका, कार्यपालिका र न्यायिक अधिकारसहितको संयन्त्र निर्माण गरेर सरकारले गर्ने सम्पूर्ण कार्यहरुको अधिकार र क्षेत्रको कार्यसूची व्यवस्थित गरेको छ । संविधानले व्यवस्था गरेअनुरुप २०७४ असार १४ गते तानसेन नगरपालिका सरकारको निर्वाचन लोकतान्त्रिक पद्धति अनुरुप सम्पन्न भएको हो । नगरबासी मतदाताहरुले हामीलाई विश्वास गरी आफ्नो अमूल्य मत प्रदान गरी भारी मतका साथ विजय गराउनुको साथै हाम्रो नेतृत्वको तानसेन नगर सरकार निर्माण गर्न सफल हुनुभएकोमा हामी तानसेन नगर सरकारको तर्फबाट र तानसेन नगर व्यवस्थापिकाको यो प्रथम सभाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

आदरणीय सभासद्हरु सर्वप्रथमत: राज्य पुर्नसरचनाका क्रममा स्थानीय तहको पुर्नसरचना भएको छ । पुर्नसंरचित संरचना अनुरुप तानसेन नगरपालिका विस्तारित भई माण्डव्य आश्रम माडीदेखि हृषिकेश आश्रम रुरु क्षेत्रसम्म आफ्नो वक्षस्थल बनाएको छ । वक्षस्थलभित्र मुटु, कलेजा, फोक्सो र मृगौला हुन्छन् र तिनीहरुको सन्तुलित सञ्चालन विकास र व्यवस्थापननै जीवन हो । तानसेन नगरपालिकाको मुटु कलेजाका रुपमा साविक तानसेनका वडा वस्तीहरु, साविक मदनपोखरा, तेल्घा, बन्दिपोखरा, बराङ्दी, बौघापोखराथोक, बौघागुम्हा र अर्गलीका वडा वस्तीहरु र त्यहाँका श्रमशील र कर्मशील नागरिकनै हुन् । ती वडावस्तीका जनताको चाहना र भावना अनुरुपको समग्र विकास र व्यवस्थापननै तानसेनको विकास हो । यिनै लक्ष्य पूरा गर्न हाम्रो घोषित प्रतिवद्धता हो । १०९.८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको, इतिहास, प्रकृति र संस्कृतिले सम्पन्न तानसेन नगरपालिकामा ५०५१५ जनसंख्या रहेको छ । कुमाल, बोटे, गुरुङ्ग, घर्ती/भुजेल, तामाङ, ब्राम्हण, क्षेत्री, नेवार, मगर, दशनामी, मुश्लिम, दलित, थकाली आदि जातिको फूलबारीको रुपमा रहेको हाम्रो तानसेन नगर क्षेत्रमा विकासको स्तर समान छैन । पछाडी परेको क्षेत्र र जातजातिलाई आर्थिक रुपमा सम्पन्न बनाउँदै उनीहरुलाई सामाजिक इज्जत प्रतिष्ठाको प्रत्याभूत गर्न सक्ने नव संस्कृति र सभ्यताको निर्माण गर्नु हाम्रो तानसेन सरकारको प्रमुख कर्त्तव्य हो भन्ने लाग्दछ ।

विश्वकै अति प्राचीन देश नेपालको निर्माण र संरक्षणका क्रममा आफ्नो साम्राज्यमा कहिल्यै सूर्यास्त हुँदैन भन्ने दम्भले मत्त भएको शक्तिशाली ब्रिटिस साम्राज्यवादको फौजलाई यही पाल्पा तानसेनको रणउजिरेश्वरी भगवती मन्दिरबाट गौरवपूर्ण अभियान सञ्चालन गरी समरनायक कर्णेल उजिरसिंहथापाको सैनिक फौज र पाल्पाली जनताको एकीकृत दस्ताले नुवाकोट र जितगढीबाट इष्ट इण्डिया कम्पनीलाई परास्त गरी सदासदाका लागि सिंगो नेपाल देशकै अस्तित्व र अस्मिता रक्षा गरेको इतिहासले हामीलाई गर्वित बनाएको छ । हामी पाल्पालीहरु र विशेषगरी नगरबासीहरुले यो देशको रक्षा, सम्वर्द्धन र जस्तासुकै बिखण्डनका विरुद्धमा र हिमाल, पहाड, तराईको भावनात्मक एकता र सामाजिक सद्भाव कायम राख्नका लागि ५ नं. प्रदेशलाई टुक्र्याउने अथवा तानसेन र बुटवलको ऐतिहासिक, भावनात्मक र व्यावसायिक सम्बन्धलाई सुदृढ बनाउनका लागि हामीले यसै वर्ष पनि आन्दोलन सञ्चालन गरी विजय हासिल गरेको गौरवपूर्ण वर्तमान छ ।

लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि विशेष गरी हाम्रो विजयबाट अत्यन्त आशावादी र उत्साहित हुँदै आएका नगरबासीको इच्छा आकांक्षालाई शिरोपर गरी उनीहरुका आवश्यकता पूरा गर्न आफ्नो ठाउँबाट क्रियाशील हुनु नै विकासले अग्रगति लिन थालेको संकेत हुन पुग्दछ । हामीलाई थाहा छ नगरबासीका असिमित इच्छा चाहनाहरु छन्, ती इच्छा चाहनाहरु निःसन्देह औचित्यपूर्ण छ । उनीहरुको चाहना भनेको सुखी खुशी नगरबासी, सुन्दर स्वच्छ तानसेन सहर निर्माण गर्नु हो । नगरपालिका सरकारको चाहना र नागरिकहरुको समान चाहना नै हो । ती इच्छा चाहना पूरा हुँदा हामी सबैको चाहना पूरा हुनेछन् । त्यसैले ती असिमित चाहनाहरुलाई पूरा गर्न नागरिक र नगरपालिकाको सहभागिता र सहयात्राको खाँचो छ । विकास निर्माणका समग्र योजनाहरु पूरा गर्ने थलो भनेको नगर सरकार नै हो ।

तानसेन नगरपालिका क्षेत्रभित्र जे जति विकास र निर्माणका कामहरु भएका छन्, ती सबै स्थानीय सरकारको अगुवाई र नागरिकहरुकै सहभागितामा सम्पन्न भएका हुन् भन्ने कुरा पुनः स्मरण गराउन चाहन्छु । हाम्रो नयाँ संविधानले जनताको सबैभन्दा नजिकको सरकार स्थानीय सरकार नै हो भन्ने दृढ विश्वासका साथ संविधानको अनुसूची ८ मा नै अधिकारको विशेष सूची प्रस्तुत गरेको छ । तर परिवर्तित नयाँ परिस्थितिका चुनौति र समस्याहरुलाई समाधान गर्ने गरी युगको नेतृत्व हाँक्न सहज हुने खालका ऐन कानुन आउन सकेका छैनन् । जसरी स्थानीय सरकारमा कार्यपालिका, व्यवस्थापिका र स्थानीय अदालतको व्यवस्था गरी राज्य सरकारका तीन अभिन्न अंगको रुपमा व्यवस्था गरिएको छ । सो अनुरुप हुन नसक्दा स्थानीय सरकारप्रति जनताको जुन आशा र विश्वास बढेर गएको थियो, त्यो हुन नसक्दा जनतामा निराशा उत्पन्न भई लोकतन्त्रको महत्व र महिमाको अवमूल्यन हुने हो कि भन्ने आशंका हुन थालेका छन् । हाम्रा राजनेताहरु र शासक प्रशासकहरुले केन्द्रीकृत र एकात्मक शासन प्रणालीको लामो समयसम्म अभ्यास गर्दै आएका हुँदा यथासमयमै तद्अनुकुलको ऐन कानुनको व्यवस्था गर्न पुरानै केन्द्रीकृत मानसिकताले घर गरेको हुन सक्छ । त्यसैले संविधानको अक्षर र भावना अनुरुप स्थानीय सरकार सञ्चालनका लागि तदअनुकुलको ऐन कानुन तर्जुमा गरी जारी गरेर स्थानीय सरकारलाई अधिकार सम्पन्न र शक्ति सम्पन्न सरकारका रुपमा सञ्चालन गर्ने व्यवस्था समयमै हुनुपर्ने थियो तर हुन सकेको छैन । संवैधानिक व्यवस्था अनुरुप नेपाल सरकारको नीति अनुरुप विषयगत कार्यालयलाई स्थानीय तहमा समायोजन गर्ने कार्य सुस्त गतिमा रहेकाले त्यसको गति बढाउन नेपाल सरकारको ध्यानाकर्षण गराइनेछ ।स्थानीय सरकार निर्वाचन भएको अढाई महिना व्यतित भइसक्दा पनि ऐन कानुनको व्यवस्था हुन नसक्नु भनेकै नयाँ परिस्थितिमा पनि पुरानै मानसिकताले काम गरेको प्रतीत हुन्छ । लोकतान्त्रिक गणतन्त्र र तद्अनुकुलको संविधान प्राप्तिपछि उत्साहित भएका जनतालाई थप उत्साहित र उर्जा प्रदान गर्ने गरी स्थानीय सरकारलाई अधिकार सम्पन्न बनाई सेवाग्राही जनतालाई परिवर्तनको अनुभूति हुने गरी संघीय सरकारबाट ऐन कानुन र आवश्यक कर्मचारीको व्यवस्था शीघ्रातिशीघ्र हुनु अपरिहार्य आवश्यकता र अग्रगमनको पूर्व शर्त बन्न पुगेको छ ।

आदरणीय सभासद् ज्युहरु, अर्थमन्त्रालयवाट समानीकरण (निसर्त) वजेटको व्यवस्था गर्दा तानसेन नगरपालिका अन्यायमा परेको अनुभुती भएको छ । २०७३ सालमा साविकको तानसेन नगरपालिकामा ६ वटा भन्दा वढि गा.वि.स.हरु समायोजन भएर बनेको नगरपालिका हो भन्ने विषय उक्त वजेट बिनियोजन गर्दा ध्यान नदिइएको देखिन्छ । ५० हजार भन्दा वढि जनसंख्या भएका

नगरपालिकाहरु मध्ये सवै भन्दा कम वजेट प्राप्त गर्ने नगरपालिका तानसेन नगरपालिका रहेको वहसको विषय वन्नु पर्दछ । ६ वटा गा.वि.स मिलेर वनेको कुनै गाउँपालिकाको र यस नगरपालिकाको वजेट रकममा धेरै फरक छैन । त्यसैले आगामी आ.व.मा यस नगरपालिकाको समानीकरण वजेट वृद्धि गर्नको लागि आ-आफ्नो तहवाट पहल गरिदिन सवैमा अनुरोध गर्दछु । वजेट विनियोजन हुदा विषगत कार्यालयहरुको वजेट सशर्त रुपमा प्राप्त हुने र समानिकरण बजेटबाट कुनै कार्यक्रम राख्न नपर्ने भनि अर्थ मन्त्रालयले जारी गरेको स्थानीय तहको वजेट तर्जुमा निदेशिका को दफा १(१.५) मा स्पष्ट उल्लेख भएको छ । तर जिल्लाका विषयगत कार्यालयको वजेट पनि यस नगरपालिकाको समानिकरण बजेटमानै समावेश भएको भनि सम्बन्धित मन्त्रालयबाट लेखि आएको शन्दर्भमा उक्त अनुसार वजेट विनियोजन गर्ने हो भने नगर क्षेत्रको भौतिक पुर्वाधार विकासमा अत्यन्तै न्युन बजेट हुने देखिन्छ । त्यसैले ती कार्यालयहरुको माग बमोजिमको वजेट प्रदान गर्न नसकिदा अत्यावश्यक कार्यक्रमहरु छुट्न सक्ने अवस्था छ । नगरपालिकालाई आवश्यक हुने अत्यावश्यक कर्मचारीहरु उपलब्ध नभएकोले पनि नगरपालिकाको विस्तारित क्षेत्रमा सेवा प्रवाहमा अत्यन्त कठिनाई भएको छ । विषयगत केही कार्यालयका कर्मचारीहरुको तलब स्थानीय तहमा पठाईए पनि नगर क्षेत्रको सामाजिक र भौतिक विकासका लागि आवश्यक पर्ने वजेट अहिले पनि उही कार्यालयमा विनियोजन गरिएको कारणले पनि अन्योलता श्रृजना भएको छ ।

**तानसेननगरपालिकाले गतआ.व. ०७३/७४ मा सम्पादन गरेको कार्यहरुको प्रगति समिक्षा संक्षेप रुपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु :**

गत आ.व.मा साविक तानसेन नगरपालिकाले आन्तरीक आय रु .१ करोड ९५ लाख ४३ हजार ९ सय ६७, राजश्व बांडफांडबाट ७३ लाख ३८ हजार ५ सय १६ , निशर्त अनुदान स्वरुप नेपाल सरकारबाट ४ करोड ५ लाख ४५ हजार र साविक जि.बि.स. पाल्पाबाट ५ लाख गरी कुल निशर्त आम्दानी ६ करोड ७९ लाख २८ हजार ३८ रुपैया र नेपाल सरकार तथा दातृ संस्थाबाट प्राप्त शसर्त ऋण तथा अनुदान रु १२ करोड ५० लाख ७६ हजार १ सय ५५ गरी कुल १९ करोड ३० लाख ४ हजार १ सय ९३ रुपैया यथार्थ आम्दानी भएको थियो । जस अनुसार आय तर्फ प्रक्षेपणको ८०.०१ प्रतिशत प्रगति हुन सक्यो । उता खर्च तर्फ चालु खर्चमा २ करोड ६१ लाख ९ हजार १ सय ७३ बिनियोजन गरिएकोमा २ करोड ३० लाख ६ हजार १ सय ११ मात्र अर्थात ८८.११ प्रतिशत मात्र खर्च भएको थियो । त्यसैगरी पूजिगत खर्चका लागि १७ करोड ४८ लाख १७ हजार ८ सय ७१ हजार बिनियोजन गरिएकोमा ११ करोड ८४ लाख ३३ हजार २ सय ३९ मात्र अर्थात ६२.१३ प्रतिशत मात्र खर्च हुन सक्यो ।

गत आ.व.को फागुण २७ देखि साविक मदनपोखरा, तेल्घा, बन्दीपोखरा, बौघापोखरा, बौघागुम्बा, अर्गली गा.बि.स र बरागंदी गा.बि.सका ५ वडाहरु यस नगरपालिकामा समायोजन भएका थिए । साविक ति गा.बि.स.हरुबाट एकमुष्ठ १७ लाख २३ हजार ५ सय ५० रुपैया आन्तरिक आम्दानी भएको छ भने ४ महिनाको चालु खर्च २७ लाख ४ हजार ३ सय ४९ रुपैंया भएको छ । ती वडाहरुमा नेपाल सरकार तथा साविक जि.बि.सबाट प्राप्त अनुदानबाट बिभिन्न आयोजनाका लागि १ करोड ७१ लाख ६५ हजार ८ सय ५८ रुपैंया पूजिगत खर्च भएको थियो ।

सीमित स्रोत तथा साधन हुने हाम्रो जस्तो निकायमा पुँजीगत खर्च न्यून हुनु अत्यन्त दुःखद विषय हो । प्राय सम्पूर्ण कार्य उपभोक्ता समितिमार्फत हुने भएतापनि समयमै सम्झौता नहुने,लागत सहभागीता जुटाउन कठिनाई तथा पेश्की विना काम गर्न नसक्ने अबस्था एंव समयमै पेश्की फर्स्योट नगर्ने प्रवृतिका कारण आशातित प्रगति हासिल गर्न सकिएको अवस्था छैन । निर्माण व्यवसायि मार्फत गरिने कार्यमा पनि निर्माण व्यवसायिको काम ओगट्ने तर काम नगर्ने प्रवृत्ति, समयमा ठेक्का बन्दोवस्त नहुने, समयमा कार्यक्रम स्वीकृत नहुने तथा निर्माण सामाग्रीको अभाव, एवं छिटो शुरु भएको मनसुन र स्थानीय तहको निर्वाचन समेतको कारणले यस्तो परिस्थिति पर्न गएको छ । यसलाई गंभिर रुपमा ममन् गरी आगामी दिनमा जनप्रतिनिधिहरु समेत परिचालित भै प्रभावकारी अनुगमन गर्दै पूँजीगत खर्चमा उल्लेख्य प्रगति गर्ने आशा तथा विश्वास दिलाउन चाहन्छु ।

वित्तिय अनुशासन तर्फ समिक्षा गर्दा गत आ.व.कुल पेश्की बेरुजु ३ करोड ४१ लाख ५३ हजार ४ सय १४ कायम रहेकोमा आ.ब मा १ करोड ८९ लाख ३४ हजार ९ सय ६२ रुपैंया फस्यौट भएको देखिन्छ भने सामाजिक सुरक्षा भत्ताको ढिलो निकासी तथा विश्व बैंक तथा भारतीय दुतावास लगायत नगरस्तरीय ठुला योजनामा पेश्की समयमा फस्यौट नभएर ठूलो रकम पेश्की बेरुजु बाँकी रहने अबस्था देखिएको छ । चालू आर्थिक बर्षको आय व्ययको लेखा परिक्षणमहालेखा परिक्षकको कार्यालयबाट सम्पन्न हुने संबैधानीक प्राबधानले गर्दा आगामी दिनमा आर्थिक अनुशासनमा सुधार आउने र कार्यालयका सम्बन्धित शाखा तथा कर्मचारीको क्षमता विकास हुनजाने अपेक्षा लिएकोछु । यसका अलवा,जनप्रतिनिधिहरुले भ्रष्टाचारमाशुन्य सहनशीलताको नीति लिने प्रण गरेको कारणले समेत बित्तिय अनुशासनमा सुधार आउने कुरामा म विश्वस्त छु ।

यो नीति तथा कार्यक्रम तयारी गर्दा नेपालको संविधान, दिगो विकासको लक्ष्यहरु, चौधौ आवधिक योजना,नेपाल सरकारको नीति तथा कार्यक्रम, संघीय मामला तथा स्थानीय विकास मन्त्रालय बाट प्राप्त मार्गदर्शनहरु, अर्थ मन्त्रालयवाट जारी गएिका निर्देशिका तथा कार्यविधि, साविकका स्थानीय निकायका परिषद्का निर्णयहरु, तानसेन नगरवासीहरुवाट प्राप्त अमुल्य सुझाव, राजनैतीक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, नागरिक समाज तथा पत्रकार वन्धुहरुवाट प्राप्त सुझावहरुलाई महत्वका साथ ग्रहण गर्दै तानसेन नगर सरकारद्वारा आयोजित प्रथम व्यवस्थापिका नगर सभाको बैठकको यो महत्वपूर्ण घडिमा तानसेन नगरको समग्र विकास र सामाजिक रुपान्तरणका लागि देहायका नीतिहरु अघि सारिएको छ ।

१. सुशासनयुक्त र भ्रष्टाचारमुक्त नगर सरकार सञ्चालन गरी सेवाग्राही नगरबासीलाई शीघ्रातिशीघ्र सबै प्रकारका सेवा सहज ढंगले प्रदान गर्ने ।

२. समग्र विकास निर्माणमा पारदर्शिता र जवाफदेहिताको नीति लागू गर्दै जनप्रतिनिधि र कर्मचारीहरुमा सामूहिक जिम्मेवारी वहन र व्यक्तिगत जवाफदेहितामा जोड दिने ।

३. वस्ती वस्तीका योजनाहरुको प्राथमिकता निर्धारण गरी सबै वडाहरुमा सडक, विजुली, खानेपानी जस्ता पूर्वाधारका कामहरुलाई योजनावद्ध ढंगले सञ्चालन गर्ने ।

४. जनसहभागितामा (२०% उपभोक्ताको आर्थिक योगदानमा) आधारित पूर्वाधार निर्माण तथा आयआर्जनका कामलाई प्राथमिकतामा राखेर कार्यान्वयन गर्ने ।

५. भौतिक पूर्वाधारमा मुख्य मेरुदण्डको रुपमा रहेको सडक सञ्जाललाई योजनावद्ध रुपमा अघि बढाउन नगर सडक गुरुयोजना (MTMP) अध्यावधिक गरी कार्यान्वयनमा ल्याइनेछ । वृहत नगरस्तरीय सडक, अन्तर वडास्तरीय सडक, कृषि सडक, पर्यटन धार्मिक सांस्कृतिक सडक निर्धारण गरी निश्चित मापदण्डका आधारमा व्यवस्थित गर्ने नीति बनाइनेछ । यस आर्थिक वर्ष २०७४/०७५ लाई **सडक सञ्जालको आधार वर्ष** मानि कार्यक्रम तथा बजेट तर्जुमा गरिनेछ । नगरपालिकाको केन्द्रका रुपमा रहेको हुलाक चोकदेखि शीतलपाटी, शीतपाटीदेखि नारायणस्थान चोकसम्मका सडकमा ऐतिहासिक गौरवलाई बचाइराख्न यसै आर्थिक वर्षमा ग्रेनाइट मार्वल बिछ्याउने कार्य थालिन गरिनेछ ।

६. नगरस्तरीय भूमि नीति, भूउपयोग नीति तर्जुमा बस्ती विकासका कार्यक्रम सञ्चालन गरिनेछ । तानसेन नगरपालिकाको वडा नं ५ र वडा नं ९ मा नयाँ शहर निर्माणको काम थालनी गरिनेछ ।

७. आ.व.२०७५ को अन्त्य सम्ममा तानसेनको समग्र विकासको ५ वर्षे आवधिक योजना र १५ वर्षे दीर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने कामलाई अगाडि बढाइने छ ।

८. हाम्रो देश भूकम्पिय जोखिमयुक्त रहेकाले भूकम्प प्रतिरोधी घरहरु निर्माण गर्न तानसेन नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा व्यवसाय गर्दै आएका सिकर्मी डकर्मीहरुलाई आवश्यक विशेष तालिमको व्यवस्था गर्ने ।

९. **समन्वय र साझेदारी :** समन्वय र साझेदारी विशेष पूँजी र शक्ति हो । विकास निर्माणमा संघीय सरकार, प्रदेश सरकार र गैरसरकारी संस्थाहरु, सहकारी संघसंस्थाहरु, सामाजिक संघसंस्थाहरु र नीजि क्षेत्रसँग समन्वय गरी लागत साझेदारीमा पूर्वाधार निर्माण, आयआर्जन र सामाजिक परिचालनका योजनाहरु सञ्चालन गरिनेछ ।

१०. **संघ संस्थासँग सहकार्य :** संघ संस्थासँग सहकार्य गरी विकास कार्यलाई प्रभावकारिता दिन सामाजिक संघ संस्था, गैसस, अगैसस परिचालन नीति निर्माण गरिनेछ । निश्चित मापदण्डका आधारमा विशेष गरी कार्यक्रमको प्रकृति, सञ्चालन कार्यशैली, आर्थिक सहभागिताको आयतन, पेशागत सीप दक्षताका आधारमा मात्र सहकार्य गरिनेछ ।

११. योजना तर्जुमा गर्दा नगर स्तर, प्रदेश स्तर र संघ स्तरबाट गरिने योजनाको पहिचान, निर्धारण र कार्यान्वयन गर्ने नीतिलाई अगाडि बढाइनेछ ।

१२. तानसेनको समृद्धि र आकर्षणका लागि कृषि, पर्यटन, उद्योग प्रवर्द्धनका लागि विशेष प्राथमिकता दिइनेछ ।

१३. सुनौली कालीगण्डकी करिडोर सडकका सम्बन्धमा बुटवल कालीगण्डकी Dedicated Fast Track तानसेन हुँदै निर्माण गर्न जोड दिइनेछ ।

१४. तानसेन नगरबासीलाई शुद्ध खानेपानी आपूर्ति गर्न कालीगण्डकी लिफ्ट खानेपानी योजना शीघ्रातिशीघ्र कार्यान्वयन गर्न जोड दिइनेछ ।

१५. पाल्पा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले माडी बुढुवा ढावलाई केन्द्रीत गरी सुन्दर आकर्षक माण्डव्य सरोवर र रिडी कालीगण्डकीमा हृषिकेश मोक्ष सरोवर निर्माणका लागि एक विशेषज्ञ टिम निर्माण गरी अध्ययन गरी कार्यान्वयनमा ल्याइनेछ । साथै प्रभासको  सूर्यकुण्ड तथा कमलपोखरीलाई पनि सोही वमोजिम कार्यान्वयनमा ल्याइनेछ ।

१६. पाल्पा दरबार संग्रहालयलाई प्रदेश नं ५ कै बहुसांस्कृतिक संग्रहालयका रुपमा सञ्चालन गर्न विशेष जोड दिइनेछ ।

१८. समुदाय र नगरपालिकाको समन्वयमा समुदायकै नेतृत्वमा टोलटोलमा सामुदायिक सरसफाइको नियमित व्यवस्था गरी तानसेनलाई स्वच्छ, सुन्दर सहरका रुपमा विकास गरिनेछ ।

१९. हाम्रो श्रीनगर हाम्रो मुकुट भन्ने सन्देशका साथ श्रीनगरमा सेनकालीन नमूना दरबार निर्माण गर्ने र श्रीनगरलाई विकास समितिमा लैजान विशेष पहल गरिनेछ । त्यसरी नै हाम्रो रानीमहल हाम्रो पहिचान र हाम्रो गौरव भन्ने सन्देशका साथ रानीमहललाई प्रभावकारी गन्तव्यस्थलका रुपमा विकास गर्न यसलाई पनि विकास समितिमा लैजान पहल गरिनेछ ।

२०. माण्डव्य सभ्यताको रुपमा रहेको माडी क्षेत्रको दमकडामा माण्डव्य आश्रम निर्माण गरी पर्यटन प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने नीति अगाडि सारिनेछ ।

२१. एउटा बहुउद्देशियय प्राविधिक कलेज सञ्चालनका लागि संभाव्यता अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

२२. सामुदायिक विद्यालयलाई गुणस्तरीय र प्रभावकारी शिक्षा प्रदान गर्नका लागि कक्षा नर्सरीदेखि नै अंग्रेजीमा पठनपाठनको थालनी गरिनेछ । ५ वर्षमा सबै सामुदायिक विद्यालयहरुलाई नमूना विद्यालयमा परिणत गर्न प्रति वर्ष कम्तिमा एक विद्यालयलाई नमूना बनाउन बजेट योजनाको व्यवस्था गरिएको छ । वडामा रहेका सवै विधालयहरुको सघन अनुगमन गर्ने मुख्य दायित्व निर्वाचित जनप्रतिनिधिहरुको हुनेगरी विधालयको गुणस्तर कायम गर्नमा सहजीकरणको भूमिका पनि उंहाहरुलेनै गर्ने नीति लिइने छ ।

२३. विश्वकै सबैभन्दा अग्लो र ठूलो गणेशमूर्ति तेल्घा गुफाचौरमा निर्माण गरी धार्मिक सांस्कृतिक पर्यापर्यटनको नमूना बनाइनेछ ।

२४. मातृसत्तात्मक युगकोहरहर महादेउ पानी देउ भनेर पानी माग्ने कोकल थुम र लिपिनदेवीको सरायँ पुरानो संस्कृतिको पुर्नजागरण गर्न पूर्वाधार निर्माण र सामाजिक परिचालनका कामहरु गरिनेछ ।

२५. नगरपालिका क्षेत्रभित्र सतह सिंचाई, भूमिगत सिंचाई र वर्षात्को पानी संकलन गरी कृषिलाई व्यावसायिक गर्न सिंचाई सुविधा पुऱ्याउने नीति लिइनेछ छ । थालनीको रुपमा यस वर्ष कम्तिमा ५ वटा ठूला पोखरी निर्माण गरी सामुदायिक सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ ।

२६. सूचना र प्रविधियुक्त नगर स्थापनाअन्तर्गत यो आर्थिक वर्षमा तानसेन टुँडिखेलसहित केही स्थानलाई फ्रिवाइफाइ जोन बनाइनेछ ।

२७. पछाडि परेका जाति वर्ग विशेष गरी बोटे, कुमालको सामाजिक मर्यादा र आर्थिक जीवनस्तर उकास्ने योजनाहरुलाई विशेष प्राथमिकता दिई विशेष क्षेत्रमा विशेष कार्यक्रम सञ्चालन गर्ने । यो आर्थिक वर्षमा सम्पूर्ण अल्पसंख्यक र दलित समुदायको स्वास्थ्य विमा नगर सरकारले गर्ने योजना ल्याइनेछ ।

२८. संविधानमा उल्लेख भएवमोजिम छुवाछुतमुक्त समाज निर्माणका लागि विशेष सामाजिक अभियानहरु सञ्चालन गर्ने ।

२९. पुरातात्विक महत्वका संरचनाहरु र निधिहरुअन्तर्गत पर्ने दरबार, ठाँटी, पार्टी, पौवा, सत्तल, कुँडुले घर, मठमन्दिर, मस्जिद, गुम्बा, चैत्य विहार, चर्चहरुको संरक्षणका लागि समुदायलाई विशेष प्रोत्साहित गरी संरक्षण गरिनेछ । हाल तानसेन नगरपालिका वडा नं ८ मा रहेको पीपलडाँडामा रहेको कुँडुले घरहरु भग्न अवस्थामा रहेकाले संरक्षणका लागि विशेष कार्यक्रम राखिनेछ ।

३०. स्थापना भएका मेडीकल कलेज तथा अस्पतालको सेवालाई थप प्रभावकारी वनाउने वातावरण सृजना गरि यस नगरपालिकालाई छिमेकी जिल्लाहरुबाट समेत स्वास्थ्य सेवा लिन आउने मूख्य केन्द्रको रुपमा विकास गरिने छ । आधारभुत स्वास्थ्य सेवाको पहुच नपुगेका वस्ती तथा क्षेत्रमा सामुदायीक/ शहरी स्वास्थ्य क्लिनिक स्थापनामा जोड दिई आधारभुत प्रर्वद्धनात्मक तथा उपचारात्मक सेवा पुर्‍याउने प्रयास गरिनेछ । सुरक्षित मातृत्व र नवशिशु स्वास्थ्यलाई मध्यनजर गरेर संस्थागत सुत्केरी (अस्पताल र स्वास्थ्य चौकीमा) हुने महिलालाई प्रति व्यक्ति पोषण भत्ता स्वरुप १०००। प्रदान गर्ने नीति तर्जुमा गरिएको छ । साथै विपन्न दलित तथा अल्प सख्ंयक जनताहरुलाई निर्देशिका बनाई स्वस्थ्य बीमा गरीने नीति लिइने छ ।

३१. तानसेन नगरपालिका सबै घरमा बिजुली बत्तिको सुविधा उपलब्ध गराइनेछ । आगामी ३ वर्षभित्र नगर भित्र रहेका सम्पूर्ण काठका पोल विस्थापित गर्ने नीति तर्जुमा गरेको छु ।

३२. नगरपालिकाका सम्पूर्ण वडाहरुमा इन्टरनेट, टेलिफोन र मोवाइल फोनको पहुँच विस्तारका लागि आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ । नगर कार्यालय र वडा कार्यालयलाई नेटवर्किङ गरी विद्युतीय अभिलेखन प्रणाली सञ्चालनमा ल्याइनेछ ।

३३. शारीरिक तन्दुरुस्ती, मानसिक विकास, भातृत्व र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका फुटवल, क्रिकेट, भलिवल, व्याडमिन्टन, तेक्वान्दो, कराँतेलगायतका खेल प्रर्वद्धन गर्ने नीति लिइनेछ । यो आर्थिक वर्षदेखि आरम्भ हुने गरी मेयर कप रनिङ शिल्ड फुटवल प्रतियोगिता र मेयर कप रनिङ शिल्ड क्रिकेट प्रतियोगिताका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

३४. बौघापोखराथोकको जर्नेटा टुँडिखेलसँग जोडिएको कुहिरे भीरलाई (साहसिक पहरो चढाइ) रक क्लाइम्बिङ खेल सञ्चालन गर्न व्यवस्था मिलाइनेछ ।

३५. तानसेन नगर क्षेत्रभित्र एक उपयुक्त स्थानमा डोमेस्टिक एयरपोर्ट निर्माणका लागि पहल गरिनेछ ।

३६. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत तानसेन नगरपालिकाभित्रका सम्पूर्ण ज्येष्ठ नागरिकको घरै पुगेर स्वास्थ्यकर्मीबाट नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । ज्येष्ठ नागरिकलाई वृद्ध भत्ता वितरणका लागि सहज प्रक्रिया अबलम्बन गरीने छ ।

३७. Micro Tourism लाई प्रवर्द्धन गर्न राष्ट्रिय स्तरका कार्यक्रमहरुमा सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

३८. तानसेनको समृद्धि र प्रवर्द्धनका लागि शोध अनुसन्धानदाता, खोज लेखन गर्ने व्यक्तिहरुलाई प्रोत्साहित गर्न **शोध विशेष कार्यक्रम** तर्जुमा गरिएको छ । कला, साहित्य र संस्कृति संरक्षणका लागि विशेष प्राथमिकता दिइनेछ ।

३९. नेपालकै पूरानौ सार्वजनिक पुस्तकालय धवल पुस्तकाललाई संरक्षण तथा संवर्द्धन गरिनेछ । नगरभित्र स्थापित सामुदायिक पुस्तकालयहरुलाई सहयोग गरी अध्ययन तथा पठन संस्कृतिको विकास गरिनेछ ।

४०. तानसेन नगरपालिकाभित्र स्थापना हुने ठूला लगानीका कलेज, विद्यालय, उद्योग, होटलहरुका लागि पहुँच मार्ग तथा आवश्यक पूवार्धारहरुका लागि सहजीकरण गरिनेछ ।

४१. समुदायले सञ्चालन गरेका होमस्टे प्रवर्द्धनका लागि पूर्वाधार निर्माण र तालिममा सहायता गरिनेछ ।

४२. सुविधा सम्पन्न बहुउद्देश्यिय बस टर्मिनल निर्माणका लागि यसै आर्थिक वर्षबाट कार्यआरम्भ गरिनेछ । तानसेन नगरपालिका ६ मा रहेको हालको बसर्पाकलाई सुविधा सम्पन्न बस स्टेशन तथा सिटी सर्भिस सेन्टरको रुपमा विकास गरिनेछ ।

४३. बौघागुम्हामा समुदायमा आधारित पर्यटन प्रवर्द्धन गर्न मगर संस्कृति संग्राहलय स्थापना गरिनेछ र होम स्टेलाई प्रभावकारी बनाइनेछ ।

४४. युवाहरुलाई सीप, पूँजी र प्रविधि प्रदान गरी युवा स्वरोजगार कार्यक्रम गर्ने नीति तर्जुमा गरिएको छ ।

४५. तानसेनको प्राचीन र ऐतिहासिक महत्व बचाइराख्न बजारभित्रका घरहरुलाई सौन्दर्यकरण गर्न प्रेरित गरिनेछ । नयाँ बन्ने घरका लागि तानसेन मोडल प्रदान गरी कार्यान्वयनमा ल्याइनेछ पुराना घरहरुको अगाडीको मोहडा यथावत राखी घर निर्माण गर्ने हरुलाईविशेष प्रोत्साहन गरीने छ ।

४६. जलवायु अनुकुलन, वातावरण संरक्षण र भूक्षय नियन्त्रणका लागि सार्वजनिक स्थानहरुमा निजी क्षेत्रको सामाजिक उत्तरदायित्व समेट्न साझेदारी हरियाली कार्यक्रम सञ्चालन गरिनेछ ।

४७. कृषिमा आधारित पेशा र उद्योगलाई प्रवर्द्धन गर्न विशेष कार्यक्रम तर्जुमा गरिएको छ ।

४८. नगर विकासमा पत्रकारिता र पत्रकारिताको विकासमा नगर भन्ने अभियानअन्तर्गत स्थानीय सञ्चार माध्यम, पत्रकारहरुसँगको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ । नेपाल पत्रकार महासंघसँगको सहकार्यमा एक राष्ट्रिय पत्रकारिता पुरस्कार स्थापना र सञ्चालन गरिनेछ ।

४९. ऐतिहासिक रणउजिरेश्वरी भगवती मन्दिर र रुरुक्षेत्र हृषिकेशको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्न यस आर्थिक वर्षभित्र गुरुयोजना तयार गरिनेछ ।

५०. स्यानेटरी ल्याण्डफिल्ड साइटलाई व्यवस्थित गरी सञ्चालनमा ल्याई तानसेन बजारलाई सफा सुन्दर बनाइनेछ । घरघरबाट फोहर उठाउने कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

५१. गैरसरकारी संस्थालाई नगरपालिकामा सुचिकृत गरिनेछ ।

५२. निजी क्षेत्रसँग सहकार्य गरि जनप्रतिनिधि लगायत सम्पुर्ण कर्मचारीहरुको दुर्घटना विमा गरिनेछ ।

५३. नया सडक निर्माण गर्दा सडकको दायावायाका जग्गाका जग्गाधनिहरुसँग लिखित सहमती लिएर अनिवार्य रुपमा रुपमा वृक्षारोपण गर्ने र जुन वडामा सडक वरपर वृक्षारोपण गरि रुख हुर्काउन सफल भयो त्यस वडालाई वातावरण संरक्षणका थप कार्यक्रम प्रदान गरिनेछ ।

५४. नगरपालिकामा समायोजन भएका सवै ग्रामीण वडाहरुमा अव वन्ने पक्कि घरहरु अनिवार्य रुपमा नक्सापास गरेर मात्रै वनाउने, आगामी दिनमा सवै पुनसंरचना पछि समायोजन भएका वडाहरुमा समेत सबै प्रकारका घर निर्माण गर्दा नक्सापास अनिवार्य गरिने छ ।वनिसकेका सवै घरहरु अभिलेखीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

५५. नगरपालिकाको सवै वडाहरुमा सम्पत्ति कर लागु गर्नका लागि वजेट तथा कार्यक्रम तय गरिएको छ ।

५६. नगर क्षेत्रमा रहेका सहकारी संस्थाहरुको सुशासनमा जोड दिई ति संस्थाहरुको क्षमता विकासमा ध्यान दिईने छ । संविधानत उल्लेख भएको सरकारी निजी तथा सहकारी क्षेत्रको संयुक्त प्रयासमा नगरपालिकाको आर्थिक समृद्धि हुने अपेच्छा गरिएको छ ।

५७. महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, बालबालिका एवं विपन्न वर्ग जस्ता लक्षित वर्गहरुको हित हुने गरी प्रत्येक वडाबाट वजेट विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

५८. समृद्ध तानसेन निर्माणका लागि विज्ञहरु रहेको नगर योजना आयोग र अन्य विषयगत समिति गठन गरि विज्ञताको उपयोग गरिनेछ । गर क्षेत्रका प्रवुद्ध र विकास निर्माणको लामो अनुभव भएका २ सम्मनित नागरिकहरुलाई नगरपालिकाको विकास सद्भावनादुत मनोनयन गरीएकोछ ।

तानसेनको दिर्घकालीन विकासका लागि सामाजिक सांस्कृतीक, आर्थिक र भौतीक पुर्वाधारलाई समेटी विकास गुरुयोजना (Devlopment Master Plan),नगरपालिकाको आवधिक योजना, नगरको गरिबी नक्साकंन(Poverty Mapping), सडक गुरुयोजना (Municipality Transportation Master Plan)निर्माण र हालको नगरको अवस्था दर्शाउने गरी नगर पार्श्व चित्र (Municipal Profile) तयार गरीकार्यान्वयन गरिनेछ । समृद्ध तानसेन निर्माणका लागि क्षेत्रगत रुपमा शिर्षक छुट्याई लगानीको प्रस्ताव गरिएको छ । यसका लागि देहायका कार्यक्रमहरु पेश गरिएको छ ।

**कार्यक्रमहरु**

१. समृद्धिको मुल आधारः वातावरण मैत्री भौतीक पुर्वाधार

**नगरवासीको चाहना समृद्ध तानसेनको भावना**लाई मनन गर्दै सामाजिक न्याय सहितको आत्म निर्भर र दिगो विकासका लागि आवश्यक पर्ने भौतीक पुर्वाधारको निर्माणलाई प्राथमीकतामा राखी तानसेनलाई आधुनिक पुर्वाधार सहितको सुविधासम्पन्न स्वच्छ स्वास्थ्य  र समृद्ध नगरको रुपमा विकास गरिनेछ । **क. सडक तथा यातायात**

सडकहरुको योजनाबद्ध विकासका लागि क्षेत्रगत रुपमा बर्गिकरण गरीएको छ जसमा वृहत नगरस्तरीय सडक, अन्तर वडास्तरीय सडक, कृषि सडक, पर्यटन धार्मिक तथा सांस्कृतिक सडक र सडक मर्मत कोष गरी ५ वटा शिर्षकमा वर्गिकरण गरीएको छ ।

सिद्धबाबा देखी तानसेन वजार सम्मको सडक यस नगरपालिकाको समृद्धिको महत्वपुर्ण आधार हो । जवसम्म यो मार्ग जोखिमरहित, फराकिलो र छोटो दुरीको सहज हुन सक्दैन तवसम्म तानसेनको विकासका ढोका वन्द रहने विषयलाई सम्वद्ध सवैसरोकारवाला व्यक्ति तथा निकायले मनन गर्नुपर्दछ । सडक तथा यातायात सम्बन्धमा देहायका कार्यक्रम प्रश्तुत गर्दछु ।

- तानसेन वौघापोखराथोक वौघागुम्हा छेर्लुङ्ग सडकलाई तानसेन समृद्धिको रणनैतिक सडकको रुपमा लिई वहुवर्षिय योजनाको रुपमा  कार्यान्वयन गरिनेछ ।
- सेतीपोखरी सिस्ने बडहरबोट हुदै गुफाचौर जाने सडकले ता.न.पा को वडा नं. ५, ११ र १० लाई समेट्ने साथै पर्यटकीय तथा सांस्कृतिक क्षेत्रको रुपमा विकास गर्नका लागि उक्त सडकलाई कार्यान्वयन गरिनेछ ।
- ह्वाइटलेक देखि हुलाक सम्मको .सडकको स्तरोन्नती गरिनेछ साथै नारायणस्थान देखि शित्तलपाटी हुलाक सम्मको तस्रो गल्ली क्षेत्रमा नमुनाको रुपमा  आकर्षक ग्रेनाइट मार्वल विच्छाउने कार्यक्रम रहेको छ जसले मुख्य शहरको सौन्दर्य वृद्धि गर्ने विश्वास लिएको छु ।
- नयापाटी मदनपोखरा दमकडा सडक, बतासेडांडा साखागुम, पालेपिपल हात्ती गौंडा,चुच्चेवारी सिरसिरे मदनपोखरा, कोकलछाप, तल्लो डुम्रे सडक जस्ता कृषि सडकहरुको क्रमशः स्तरोन्नती गरिने छ ।
- घारेखोला उकाले पीपल हुदे रानीघाट जाने सडक, बासटारी डाडापीपल चुच्चेवारी भञ्ज्याङ्ग, सिरसिरे ठाटी, बाघखोर लामडाडा सडक, नर्सरी वन कार्यालय राउतडाडा पीप्लेटोल, डीबारी काफलटारी सारीखोला सडक निर्माणमा बजेट विनियोजन गरीने छ ।
- अमरनारायण फुलबारी परिसर(रेडक्रस)को निस्चित क्षेत्रमा सशुल्क मोटरसाइकल पार्किगं  क्षेत्र तोक्ने र शहरी क्षेत्र भित्रका हाल चालु रहेका बिभिन्न सशुल्क पार्किङ्ग क्षेत्रलाई अझ व्यवस्थित र यात्रु मैत्री बनाइने छ ।
- वनदेवी क्षेत्रमा तत्काल वसपार्क निर्माण कार्य शुरु गरि आगामी दिनमा व्यवस्थित र आधुनिक वसपार्क निर्माण गरिनेछ ।
- यस नगरपालिकाको सिमानामा रहेको तिनाउ अम्लियाानमा पुल नभएको कारण वर्षेनी धनजनको क्षति भएकाले छिमेकी गाउपालिका सँग सहकार्य गर्ने तथा केन्द्र तथा प्रदेश सरकारसँग अनुरोध गरि उक्त पुल निर्माणमा जोड दिईनेछ ।
- गाङदीखोला पाडेखर्क, भेटडाडा धोवीधारा, अधेरीखोला नयाँपाटी तेल्घाआदी स्थानहरुमा पुल कल्भर्ट कजवे निर्माण गरिनेछ

**ख. सिचाई**

- साना तथा मझौला सिंचाई कुलो अन्तरगत बरागंदी खोला छेर्लुगं कुलो, नयांपाटी भालेबास कुलोको मर्मत संभार गरिनेछ ।
- अर्गलीमा रहेका चार वटै राजकुलोहरुमा लिफ्टीङ गरी प्राप्त पानीको व्यवस्था तथा मर्मत संभार गरिनेछ ।
- कुन्सरे पक्लुवा तेल्घाका संभावित क्षेत्रहरुमा भूमिगत सिंचाईका कार्यक्रम संचालन गरिनेछ ।
- बौघागुम्हा, बौघापोखराथोक, मदनपोखरा, अर्गलीको कुसेनी क्षेत्रमा प्लास्टिक तथा सामुदायिक पोखरी निर्माण गरी सिचाईलाई अझ प्रभावकारी गरिनेछ ।
- सम्मोबारी झियान पानी (बन्दिपोखरा) मा नया प्रबिधि सिंचाईको नमूना परिक्षण गरिनेछ ।

**ग. खानेपानी :**

- तानसेन बजार क्षेत्रका जनतालाई खानेपानीको महशुलमा प्रत्यक्ष राहतको लागि उपभोक्ता समितिलाई एकमुष्ट महशुल राहत अनुदान प्रदान गरिनेछ ।
- तानसेन नगरपालिका क्षेत्र भित्र खानेपानीको टंकी निर्माण, मुल संरक्षण, पाईपलाईन विस्तारको लागि बजेट विनियोजन गरिनेछ

**घ.  सडक बत्ती व्यवस्थापन तथा विद्युत बिस्तारीकरण**

- नगरपालिकाका विधुत लाइन विस्तार नभएकावस्तीहरु मा क्रमश: विद्युत लाइन विस्तार गरीने छ ।
- नगरपालिकाका विभिन्न क्षेत्रमा विस्तार भएका विद्युत लाईनका पोलहरु जिर्ण भएकोले त्यस्को फेरवदलका लागि पोलहरु खरिद गरि आवश्यकता अनुसार जडान गरिनेछ ।
- सडक बत्ती व्यवस्थापनका लागि वडा कार्यालय मार्फत व्यवस्थित गर्ने व्यवस्था मिलाईनेछ ।

**ङ.. सरसफाई तथा ढल व्यवस्थापन**

- फोहरलाई मोहरको रुपमा पपिरणत गर्न तानसेनको फोहरमैला व्यवस्थापनको लागि नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।
- शिवपोखरीमा रहेको ल्याण्डफिल साइटलाई व्यवसीथत गरि संचालनमा ल्याईनेछ।
- अन्य सम्भावित स्थानहहरुमा ल्याण्डफिल साईट निर्माणको लागि यसै आ.व.मा अध्ययन गरिनेछ ।
- बसन्तपुर देखि तम्घास रोड हुदै होलाङदी खोलासम्मको ढल, आलेटोल कारागार ढल, नारायणस्थान, तिनधारा ढल व्यवस्थापनको लागि बजेट व्यवस्था गरीने छ ।
- बजार क्षेत्रमा खुल्ला बर्षायाममा बग्ने सबै भलहरु व्यवस्थापन गर्नको लागि एकमुष्ठ बजेट विनियोजन गरिने छ ।

**च. वातावरण तथा पर्यटन**

- गुफाचौरलाई धार्मिक पर्यटनको रुपमा विकास गर्न यसै आ.व. देखि कार्य थालनी गरीनेछ ।
- रणउजिरेश्वरी भगवती मन्दिर, ऋषिकेष रुरु क्षेत्रको गुरुयोजना तयार गरिने छ
- ऐतिहासिक तथा धार्मिक महत्वका मठ मन्दिर, गुम्बा, मस्जिद चर्चहरुको संरक्षणमा सहयोग गरिनेछ ।
- वौघावुम्हामा मगर साँस्कृतिक संग्रहालय (कुडुले घर) निर्माण गरिन्छ ।
- रानीमहलको संरक्षण एवं सम्बर्द्धन गरी पर्यटकीय मुख्य अकर्षणको रुपमा प्रचार प्रसार गरि वोघागुम्हासम्म क्लिफ बाल्कोनीको सुरुवात गरीन्छ ।
- वनदेवी क्षेत्रमा बहुउद्देश्यीय बाल उद्यान निर्माणको लागि आवश्यक पुर्वाधार तयार गरीने छ
- मान्डव्य सरोबर र सुर्यकुण्ड विकासको लागि विशेष कार्यक्रम ल्याईनेछ ।

**छ. आर्थिक विकास**

- कृषि,  पशु तथा कृषिजन्य उद्योग प्रवर्द्धनका लागि कार्यक्रम ल्याईने छ
- नगरक्षेत्र भित्रका युवाहरुको आय अर्जानको लागि ....... जना युवालाई स्वरोजगार कार्यक्रम संचालन गरीनेछ ।

**ज. सामाजिक विकास**

- टोल विकास सस्था तथा आमा समुहहरुको संस्थागत क्षमता अभिबृद्धि गरीने छ ।

- खेलकुद विकासको लागि यसै बर्ष देखि मेयरकप फुटवल र क्रिकेट खेल प्रतियोगिता संचालन गरिने छ ।
- असक्त, अति बृद्धहरुका सामाजिक सुरक्षा भत्ता घरघरमा नै वितरण गर्ने व्यवसाथ मिलाईने छ ।

**झ. संचार तथा सुशासन**

- प्रदेश स्तरीय पत्रकारीता पुरस्कारको लागि अक्षय कोषको स्थापना गरिनेछ ।
- स्थानीय संचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- न्नारपालिकाबाट प्रदान गरीने सेवाहरुलाई मापनीय, अनुमानयोग्य र गुणस्तरीय बनाईने छ
- कर्मचारीको कार्यसम्पादन करार गरी कार्य सम्पादनका आधारमा सुविधा उपलब्ध गराईने छ

योजना सञ्चालन गर्दा गठन हुने उपभोक्ता समितिमा निर्वाचीत जनप्रतिनिधिहरुको सहभागीतालाई पुर्णतया रोक लगाईनेछ ।

**ञ. वितीय अनुशासन**

- प्रत्येक वडा तह तथा नगरस्तरमा अनुगमन समिति गठन गरिनेछ
- वहुवर्षिय भनि निर्णय भए बाहेकका सवैयोजनाहरुको वजेट आ.व. को अन्तमा फ्रिज गरिनेछ ।
- दोश्रो चौमासीक अवधि भित्र ५०% योजना कार्यान्वयन गर्ने गरि योजना सम्झैता गर्ने व्यवस्था गरिनेछ । रु. १० लाख भन्दा माथि योजना माघ मशान्त सम्म र १० लाख सम्मका चैत्र मशान्त सम्म सवै योजनाहरुको सम्झौता गरिसक्नु पर्नेछ । वैशाख महिना भित्रनै सवै योजना सम्पन्न गर्ने वडालाई थप योजना प्रदान गरिनेछ ।
- प्रत्येक योजना सञ्चालनको गुणस्तरीयतामा निर्वाचित जनप्रतिनिधिलाई जिम्मेवार वनाईनेछ । समयमानै गुणस्तरीय योजना सम्पन्न गर्ने दायीत्व सम्वन्धित स्थानको जनप्रतिनिधिको हुने विषयलाई महत्व दिईने छ ।
- अनुगमन समितिले प्राविधिकको रोहवरमा अनुगमन गरि सामाजिक परिक्षण पश्चात खर्च सार्वजनिकिरण गरि त्यसको लिखित कागजात पेश गरे पछि मात्रै योजनाको भुक्तानी दिईने छ ।

**आदरणीय सभासदसाथीहरु तथा अन्य महानुभावहरुअव म यस नगरपालिकाको आव २०७४।७५को आय तथा व्यय को संक्षिप्त खाका प्रस्तूत गर्दछु :**

यस नगरपालिकाको आगामी आ.व. को आन्तरिक आय रु. ३ करोड २० लाख ८० हजार, जिल्ला मालपोत कार्यालय राजश्व बाडफाडबाट ९९ लाख, जिल्ला समन्वय समिति पाल्पाबाट राजश्व परिचालन अन्तर्गत १५ लाख, विद्युत रोयल्टी वापत ३० लाख गरी कुल आन्तरिक आय रु ४ करोड ६४ लाख ८० हजार अनुमान गरीएको छ ।नेपाल सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदानको रुपमा २३ करोड ८२ लाख ४७ हजार प्राप्त भएको र गत विगत बर्ष देखि यस नगरपालिकाको मुल खातामा रहेको मौज्दात रकम रु ६ करोड ९२ लाख १० हजार ९ सय ४७ रुपैया गरी कुल निशर्त आय ३५ करोड, ३९ लाख, ३७ हजार ९ सय ४७ रुपैया रहेको छ । यस नगर सभाको आगामी २ दिनमा बस्ने बैठकबाट उक्त रकमको बाँडफाँड गरी योजना तथा कार्यक्रमको विस्तृत रुपरेखा तयार पारि सार्वजनिक गरिने छ ।

यस नगरपालिकालाई विषयगत कार्यालयहरुको कर्मचारी तलब भत्ता र तोकिएका केही कार्यक्रमहरुको लागि १९ करोड २९ लाख ४४ हजार प्राप्त भएको छ , भने सामाजिक सुरक्षा तर्फ ४ करोड ५० लाख, सामुदायिक विकास कार्यक्रम तर्फ १२ लाख २५ हजार, अन्य दातृ निकायहरुबाट ससर्त रुपमा ४ करोड, सडकवोर्डबाट ५० लाख, कन्टेन्जेन्सीबाट ३० लाख, भारतीय दुताबासबाट शीत भण्डार निर्माणको लागि रु. ३ करोड, जनसहभागिताको अंश १ करोड ५० लाख गरी जम्मा कुल ३४ करोड १ लाख ९४ हजार गरी कुल सशर्त आयको रुपमा प्राप्त हुने अनुमान गरीएको छ । प्राप्त भएको सशर्त आय जुन शिर्षकमा प्राप्त हुन्छ सोही

शिर्षकमा नै खर्च गरिने व्यहोरा निवेदन गर्दछु ।यसरी  तानसेन नगरपालिकाको आ .व. २०७४।०७५को कुल बजेट रु  ६९ करोड ४१ लख, ३१ हजार ९ सय, ४७ रुपैया अनुमान गरीएको छ ।

यसै गरी खर्च तर्फ नगरपालिकाको नगरकार्यपालिका तथा वडाहरुको चालू खर्च क्रमश: ४ करोड ८० हजार ६ सय २९ रपैया र १ करोड७३ लाख ७८ हजार १ सय गरी जम्मा ५ करोड ७४ लाख ५८ हजार ७ सय २९ रुपैया रही कुल बजेटको ८.२७%रहेको छ ।

यसै गरी पूँजीगत तर्फ नगरपालिकाको कोषमा रहेको विश्व बैंकको सहयोगमा सञ्चालित परियोजनाहरुको भुक्तानी दिन भनि तोकिएको रकम रु. १ करोड ९५ लाख ४९ हजार ५ सय ८० रुपैया रहेको , गत आ.व. मा सम्झौता भई निर्वाचन तथा बर्षाको कारणले सम्पन्न हुन नसकी चालु योजनाको रुपमा रहेका योजना भुक्तानी हुन बाँकी रु. २ करोड ६ लाख, विगत बर्ष देखिनै सञ्चालनमा रही सम्पन्न हुन बाकी रहेका केही योजना सम्पन्न गर्नका लागि १ करोड ६ लाख, नगर विकास कोषलाई सावाँ व्याज किस्ता भुक्तानी गर्न वित्तिय व्यवस्थापन अन्तर्गत ४० लाख, सम्पुरक कोष अन्तर्गत ६५ लाख, शित भण्डारको मुल्य अभिबृद्धि कर भुक्तानीको लागि ४० लाख, नगर क्षेत्रको प्रवर्द्धन कार्यक्रम तर्फ करीब ४ करोड, वडा स्तरमा वडालेनै विनियोजन गर्ने गरी छनौट गरेका योजना तथा कार्यक्रमका लागि रु ६ करोड ३० लाख, नगरस्तरीय पूँजीगत कार्यक्रमका लागि रु  १२ करोड १२ करोड गरी निशर्त आयको पूँजीगत क्षेत्रमा २९ करोड ६४ लाख ७९ हजार २ सय १८ रुपैया विनियोजन गरिने गरी बजेट तथा कार्यक्रम तय गरेको छु ।

गत बर्षका योजनाहरु मध्ये शहरी शासकीय क्षमता विकास परियोजनाको रकम कार्यसम्पादन प्रतिवेदन तथा प्राविधिक मुल्याङ्कन अनुसार भुक्तानी गरीने छ । भने गत बर्षहरुको सबै योजनाहरुलाई सञ्चालनको जुन अवस्थामा रहेका छन् त्यही अवस्थामा समाप्त भएको मानि प्राविधिकको मूल्याकंन गराई भुक्तानी गरीने छ । बाकी सवै योजनाहरुको आवश्यकता र औचित्यताको आधारमा यस आ.व.मा सञ्चालन गर्ने वा नगर्ने भनि  छनोट गर्ने र ती योजनाको कार्यान्वयनलाई प्रभावकारी तुल्याउन सिफारिश गर्न जनप्रतिनिधि लगायत प्राविधिकहरु संलग्न गराई ५ सदस्यीय समिति गठन गरी दिएको प्रतिवेदनको आधारमा आवश्यक निर्णय गरीनेछ ।

**क्षेत्रगत लगानीको खाका**

नगरस्तरको आर्थिक सामाजिक संस्थागत भौतीक वातावरण ५ वटा क्षेत्रको प्रवर्द्धनका लागि रु. ४ करोड वजेट अनुमान गरेकोछु ।

- पुजिगत शिर्षकमा भौतीक पुर्वाधार तर्फ ६ वटा शिर्षकहरु सडक, वसपार्क, सिचाई, पुल कल्भर्ट, खानेपानी विद्युतीकरणमा कुल वजेट ६ करोड ७४ लाख ५० हजार  विनियोजन गर्ने तय गरेको छु ।
- वातावरण तथा पर्यटनको मुख्य क्षेत्रमा ढल व्यवस्थापन, सम्पदा संरक्षण, पार्क तथा उद्यान नगर सौन्दर्यकरण, भुसंरक्षण जलाधार संरक्षण गरि ५ वटा सहायक क्षेत्रमा जम्मा १ करोड ८५ लाख २३ हजार ३ सय २८ रुपैया विनियोजन गर्ने तय गरेको छु ।
- आर्थिक क्षेत्रमा २६ लाख, संस्थागत विकास तर्फ २ करोड ३५ लाख, सामाजिक क्षेत्रका लागि ४५ लाख,
- क्षेत्रीय राष्ट्रिय अन्तराष्ट्रिय सम्वन्ध र समन्वय विस्तारका लागि रु. ३५ लाख र स्थानीय पहिचान वोकेका दीर्घकालीन महत्वका योजनाका लागि १३ लाख बजेट विनियोजन गरीएकोछ ।
- सामाजिक तथा आर्थिक क्षेत्रका लागि प्रवर्धन क्षेत्रमा बजेट व्यवस्था गरीएको हुदा कम बजेट देखिएको व्यहोरा निवेदन गर्दछु ।

नगर सभाका सभासद साथीहरु लगायत सम्पुर्ण उपस्थित महानुभावहरु

मैले यस तानसेन नगरपालिकाको नीति कार्यक्रम तथा वजेट संक्षिप्त रुपमा प्रस्तुत गरिसकेको छु । अन्तमा नगरवासीहरुले हामीलाई विश्वास गरि सुम्पिएको सार्वभौमीक अधिकारको उच्चतम समान गरि सवै जनप्रतिनिधिहरुले जनभावना अनुसार काम गर्ने प्रतिवद्धता पुन यस सभामा व्यक्त गर्न चाहन्छु । यस नगरपालिकाको समृद्धिका लागि उपलब्ध श्रोतको परिचालन गरि निष्ठाका साथ काम गर्ने वाचा गर्दछु । नया संरचनागत व्यवस्था अनुसार प्रथमपटक भएको र श्रोत र साधनको न्युनताको कारणले यो नीति कार्यक्रम तथा वजेटमा केही कमजोरी हुन सक्ला त्यसको सुधारको लागि यहाँहरुको रचनात्मक सुझावको सदैव अपेच्छा गर्दछु । उपस्थित सम्पुर्ण महानुभावहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै विदा हुन चाहन्छु , धन्यवाद नमस्कार ।

नगर प्रमुख
तानसेन नगरपालिका
२०७४।०५।२५